बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

हेटौंडा, नेपाल

मितिः २०८२।१२।१८

## बर्ड फ्लु (H५N१) रोग सम्बन्धी अत्यन्त जरुरी प्रेस विज्ञप्ति

नेपालमा बर्ड फ्लु रोगको नियमित निगरानी हुँदै आएकोमा हालसालै मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिका-०४ र उर्लाबारी नगरपालिका-०८ मा पालिएका कुखुराका नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा मलिकुलर विधिबाट परीक्षण गर्दा मिति २०८२।१२।०४ गते हाइली प्याथोजेनिक एभियन इन्फ्लुएन्जा (H५N१) अर्थात् बर्ड फ्लु रोग पुष्टि भएको छ। बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०८२।१२।०६ को निर्णयानुसार आकस्मिक रोग अन्वेषण टोलिले सिफारिस गरे बमोजिम सम्बन्धित क्षेत्रलाई बर्ड फ्लु रोग प्रभावित क्षेत्र घोषणा गरी रोग नियन्त्रण कार्य सुरु भइसकेको छ।

बागमती प्रदेशको चितवन जिल्लाको भरतपुर म.न.पा.-०४ को दुईवटा फर्मको नमुनामा समेत बर्डफ्लू पुष्टि भएको र हाल उच्च सतर्कताका साथ प्रभावित क्षेत्रका घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामग्री नष्ट गरी निःसंक्रमणको कार्य समेत भइसकेको छ। यो रोग अत्यन्त तीव्र गतिमा फैलिने र कुखुरामा मृत्युदर समेत उच्च रहने भएकोले यसतर्फ विशेष सावधानी अपनाउन आवश्यक देखिएको छ। बागमती प्रदेश नेपालकै उच्च घनत्वको व्यावसायिक कुखुरापालन हटस्पटको रूपमा रहेको हुँदा बर्ड फ्लुको जोखिम यस प्रदेशमा विशेष रूपमा उच्च छ। रोग पुष्टि भएको क्षेत्रबाट रोग अन्यत्र फैलन नदिई तत्काल रोग नियन्त्रणमा राख्न संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरू परिचालित भएका छन्। बर्ड फ्लु रोगलाई पूर्ण नियन्त्रणमा राख्न सम्बन्धित सरोकारवाला निकायहरू, कुखुरा व्यवसायीहरू तथा आम जनसमुदायलाई निम्नानुसारका विषयमा ध्यान दिई सहयोग गरिदिन हार्दिक अपिल गरिन्छ।

**तपसिल (पालना गर्नुपर्ने सावधानीहरू):**

१. पन्छी फार्ममा अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनु हुन।
२. फार्म परिसर भित्र प्रवेश गराउँदा अनिवार्य रूपमा निःसंक्रमण गरेर मात्र फार्ममा प्रवेश गराउनु हुन।
३. एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजानु हुन।
४. प्रयोग भइसकेको अण्डा राख्ने कागजको क्रेट पुनः प्रयोग नगर्नु हुन।
५. फार्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रूपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटबाथ प्रयोग गर्नु हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटबाथमा टेकेर वा स्प्रे गरेर मात्र फार्ममा प्रवेश गर्नु हुन।
६. खोर भित्र प्रवेश गर्दा छुट्टै बुट र एप्रोनको प्रयोग गर्नु हुन।
७. खोर भित्र र बाहिर दैनिक रूपमा निःसंक्रमण गर्नु हुन।
८. फार्म परिसर भित्र कुकुर, बिरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन।
९. मरेका पन्छीलाई यथाशक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्नु हुन।
१०. पन्छी फार्ममा काम गर्ने व्यक्तिहरूले व्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गर्नु हुन, नियमित हात खुट्टा धुने र स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन।
११. संक्रमित क्षेत्रबाट पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार नगर्नु हुन; साथै अन्य क्षेत्रबाट समेत ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्नु/गराउनु हुन।

*पुनश्चः अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा वा मरेमा तुरुन्त नजिकको पशु सेवाको निकायमा जानकारी गराउनु हुन र थप जानकारीका लागि पशु सेवा कार्यालयमा सम्पर्क गर्नु होला।*

१२/१८

सचिव